**१०९ औं अन्तर्राष्ट्रिय नारी दिवसको उपलक्षमा चेलीबेटी बेचबिखन विरुद्ध राष्ट्रिय समूहद्वारा प्रकाशित Transforming Social Norms for Combatting Trafficking in Girls and Women पुस्तक विमोचन समारोहमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माको मन्तव्य**

**आजको सत्रका अध्यक्ष भारती सिलवालज्यू, दुर्गा घिमिरेज्यू महिला अधिकारको क्षेत्रका उच्च व्यक्तित्व पौरखीका मञ्जु गुरूङ , महिला अधिकारकर्मीहरू, मानव अधिकारकर्मीहरू, स्थानीयः महानगरपालिकाका पदाधिकारीहरू र आमन्त्रित विशिष्ट अतिथिज्यूहरू**

मानव बेचबिखन प्राचीन कालखण्ड देखि हालसम्मकै निकृष्ठ एवं गम्भीर प्रकृतिको मानव अधिकार उल्लंघन हो । दासत्वकालदेखि शुरू भएको मानव बेचबिखन आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक परिवर्तनसँगै बिभिन्न स्वरूपमा समाजमा जडित बन्दै आएको छ । अघिल्ला दशकहरूमा महाजनले आफ्ना कामदारहरू तथा नर्तकीहहरूप्रति यौन शोषण गर्दै आएको देखिन्छ भने पछिल्लो समायावधिमा यौनशोषण, जबरजस्ती वेश्यावृत्तिमा संलग्न गराउने कार्य, यौन व्यवसाय, बालबालिकामाथि यौन-दुर्व्यवहार, बालबिवाह, जबरजस्ती विवाह गराउने कार्य, घरेलु कामदारमाथि यौनजन्य दुर्व्यवहार, सर्कसमा कामदारमाथि गरिने यौन-दुर्व्यवहार जस्ता महिला हिंसाका रुपहरू यत्रतत्र देखिदै आएका छन् । यस किसिमका क्रियाकलापहरू प्रत्यक्ष रुपमा महिलाको सुरक्षा, स्वतन्त्रता र आत्म स्वाभिमान बिरुद्धको अपराध मात्र नभई मानव सभ्यताकै मानवता बिरुद्धको अपराध हो ।

मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्नका लागि बिभिन्न समयकालमा बिभिन्न नीति, नियम तथा कानूनहरू बने, तर बढ्दो बेरोजगार दर, गरिबी, अशिक्षा, दण्डहीनता लगायत बाँच्नका लागि आधारभूत आवश्यकताको परिपूर्तिबाट समेत बञ्चित भएकै कारण नेपाली समाजमा उक्त कानूनहरूको कार्यान्वयन पक्षले समस्या समाधानार्थ आयाम दिन सकेन । परिणामतः नेपालबाट भारतीय भूमिहरूमा मात्र बेचबिखनको शिकार हुँदै आएका नेपाली चेलीबेटीहरू आजको आधुनिक समाजमा खाडी मूलुकहरूदेखि संसारका बिभिन्न देशहरूमा तिनै विदारक परिस्थितिहरू सामना गर्नुपर्ने बाध्यता बन्दै आएकोछ ।

मानव बेचबिखन आज मनोरञ्जनको साधन, आतिथ्य सत्कारको आधार, इट्टा भट्टा तथा गार्मेन्ट कारखाना र कृषि तथा घरेलु रुपमा असुरक्षित कामदारको रुपमा रहनु, सडकमा मगन्ते जीवनशैली देखि अङ्गहरू

बेचबिखनको शिकार समेत बन्दै आएको देखिन्छ । सबैभन्दा फाइदाजनक व्यवसायको रुपमा फस्टाउँदै आएको निकृष्ट मानव बेचबिखन तथा ओसारपसारको व्यवसायकै कारण वार्षिक रुपमा हजारौ हजार महिला तथा बालबालिकाहरू आफ्नै देशभित्र र अन्य देशको सीमा पार गर्छन् । अमेरिकन राजदूतावासद्वारा हरेक वर्ष सार्वजनिक गरिदै आएको प्रतिवेदन मध्ये सन् २०१८ को प्रतिवेदन अनुसार नेपाललाई वर्गीकृत गरी टायर २ मा राखेको छ । प्रस्तुत प्रतिवेदनका अनुसार महिला तथा बालबालिकाहरूको ओसारपसार तथा बेचबिखन नियन्त्रण गर्ने कार्यमा नेपालले गरेको प्रयास पर्याप्त नरहेको हुँदा थप क्रियाशील बन्नुपर्ने कुरा उल्लेख गरेको छ। त्यस्तै नेपालकालागि CEDAW को छैटौं आवधिक अवलोकन समाप्ति प्रतिवेदनले नेपालको दुर्गम स्थानका महिला तथा किशोरी, आदिवासी जनजाती र दलितहरू जोखिममा रहेको कारण उनीहरूमा व्यापक जनचेतना फैलाउनुपर्ने र त्यसको लागि आवश्यक बजेट विनियोजन गर्नुपर्ने कुरा उल्लेख गरेको छ । त्यस्तै सन् २०१९ को सञ्चार प्रतिवेदनले भर्खरै मात्र बेचविखनमा पर्न लागेका र बलजफ्ती श्रम गराउन लगेका मानिसहरूलाई भारतबाट उद्धार गरि ल्याइएका १७९ मानिसहरूलाई व्यवस्थापन गर्ने कार्यमा सरकारले चासो नदिएको भन्ने गुनासो  रहेको छ ।

महिला बिरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्वन्धी महासन्धि १९८९ ले बेचबिखनमा परेका महिलाहरूको संरक्षणार्थ उचित मापदण्ड लिनुपर्ने जिम्मेवारी राज्यकै भएको कुरा उल्लेख गरेको छ । जसको नेपाल पक्षराष्ट्र पनि हो भने बेचबिखन बिरुद्धको अन्तराष्ट्रिय सन्धिहरू तथा सार्क सन्धिको समेत पक्षराष्ट्र भइसकेको अवस्थामा मानव बेचबिखन जस्तो जघन्य प्रकृतिको कार्यहरूलाई निर्मूल पार्नु आजको मुख्य चुनौती हो । गास, बास, कपास जस्ता आधारभूत आवश्यकताको परिपूर्तिबाट बञ्चित हुनु, शिक्षा, रोजगारको अभाव अन्धविश्वास तथा कुरीति, लैंगिक विभेद र दण्डहीनताको अन्त्य हुन नसक्नु नै बेचविखनको मूल कारकतत्व हो ।

दक्षिण एसियामा नेपालको राष्ट्रिय मानव अधिकार आयोग A श्रेणीमा रहेको छ । आगामी अक्टोबरमा आप्रवासी कामदारहरूको मानव अधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय सम्मेलन हुँदैछ। विश्वको संविधानहरूमा नेपालको संविधान उत्कृष्ट छ । तर संविधानको उत्कृष्टपन कायम गर्ने संविधानलाई प्रयोग गर्ने साध्य र साधन दुबै अत्यावश्यक छ। हामी कहाँ प्रवृत्ति कस्तो छ भने कानून कार्यान्वयन गर्ने Most Democratic शासक सत्तामा पुगेपछि Autocratic हुन्छन् । विश्वको परिवेशमा भारत Democratic हो तर पत्रकार मारिरहेको छ । नेपालमा पनि बहुदलीय व्यवस्थामा ३७ जना पत्रकारहरू मारिएका छन् । आज पनि नागरिक बच्चा हो राज्य अभिभावक हो भन्ने अवधारणा छ। राज्यको नीति सँधै दमनकारी रहन्छ। पर्दा अगाडि हामीले अर्कै देख्छौं तर पर्दा पछाडि अर्कै हुन्छ । अभियुक्तलाई आरोपको सफाई दिने प्रचलन देखिन्छ। यसले कानूनी शासन कायम गर्नमा अवरोध खडा गरेको छ।

मानव अधिकार आयोगलाई Umbrella आयोगको रुपमा राख्ने टकराव भन्दा पनि सामन्जस्यता कसरी गर्ने हो भन्ने कुराले प्रभुत्व जमाएको देखिन्छ । परिस्थिति जे भएता पनि हामीले संवैधानिक कर्तव्य पूरा गर्नुपर्दछ। नागरिक समाज जागरुक भएर अगाडि बढ्नुपर्छ। हाम्रो समस्या समाधान गर्ने सवालमा कुनै दाता विदेशी गुहार्नुभन्दा हामी आफै बसेर छलफल गरौ । दाता पनि आफ्नै निकालौं ।

नेपाल सरकारले मानव अधिकार सम्वन्धी १८ वटा विषयबस्तुलाई समेटेर राष्ट्रिय कार्ययोजनाको तर्जुमा गरी बेचबिखन विरुद्धको कार्यलाई पनि समेटी बजेट समेत विनियोजन गरेको छ भने सोही बमोजिम नीति समेत तर्जुमा गरेको छ । त्यस्तै आयोगले पनि आफ्नो रणनीतिक योजनामा मानव वेचबिखन विरुद्धको कार्यलाई समाहित गरी सोही बमोजिम कार्य गर्दै आएको छ भने वार्षिक रुपमा धेरैवटा संघसंस्थाहरूको मानव बेचबिखन विरुद्धको कार्यलाई समेत समाहित गरी प्रत्येक वर्ष राष्ट्रिय प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । त्यसैगरी अन्य विभिन्न संघसस्थाहरू पनि यस क्षेत्रमा क्रियाशील छन् । अतः मानव बेचबिखन जस्तो निकृष्ट कार्यको निर्मूल गर्नका लागि नेपाल सरकार, आयोग, सम्पूर्ण सरोकारवाला निकायहरू, संञ्चारकर्मीहरू तथा सम्पूर्ण समाजले नै आ-आफ्नो क्षेत्रबाट क्रियाशील हुनुका साथै एक आपसमा समन्वयात्मक तवरले अघि बढी कार्य गरेमा मानव बेचबिखन जस्तो गम्भीर समस्यालाई निर्मूल पार्न सकिनेछ भन्ने विश्वास छ ।

॥ धन्यबाद ॥

मिति २०७५ साल फागुन २६ गते